

नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, माघ ३ गते २०१९ साल [अतिरिक्ताङ्क ३१ [ख

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणक जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ४४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमा मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिम नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरख दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिरा महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्र ऋण ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना :– राष्ट्र ऋण उठाउने ऐन, २०१९ (यसपछि मल ऐन भनिएको) लाई संशोध गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९ अनुसार यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोछैन मात्र लागु हुनेछ।

संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम राष्ट्र ऋण उठाउने (संशोधन) ऐन, २०१९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को उपदफा (१) को सट्टा निम्न–लिखित उपदफा (१) राखिएको छः–

(१) आर्थिक वर्ष २०१९।२० को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्ताव–हरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले नेपाली रुपैयां नौ करोडमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

सम्बत् २०१९ साल गते रोज शुभम् – – – – –

मोहर सदर मिति २०१९।१०।३।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय।

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।